जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.नि.दु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक २७२ २०८३ साल जेठ २५ गते सोमबार (8 June 2026 Monday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : rajbirajdainik.com.np**

यस अंक भित्र : २ पृष्ठमा : इभीका लागि देशभर ... ३ पृष्ठमा : सामाजिक सुरक्षा कोषमा ... ३ पृष्ठमा :गाजा युद्धविराम कार्यान्वयनबारे ...

# आन्दोलनरत नगरवासीद्वारा लालपूर्जा माग्दै राजविराजमा झाडु जुलुस प्रदर्शन




तस्बिर : राजविराज दैनिक

**दैनिक समाचारदाता राजविराज, २४ जेठ ।**

लालपुर्जा माग्दै आइतबार राजविराज नगरवासीले झाडु जुलुस प्रदर्शन गरेका छन् । जनआन्दोलन परिचालन समिति तथा हलुवाई समाज नेपाल सप्तरीको संयुक्त अगुवाईमा झाडु जुलुस प्रदर्शन गरिएको हो ।

राजविराज नगरपालिका कार्यालयको प्राङ्गणबाट निस्केको जुलुस लालपुर्जा माग्दै नगरको विभिन्न भागको परिक्रमा गरेको थियो ।

लालपूर्जा पाउने आशमा झण्डै ७० वर्ष देखी संघर्षरत नगरवासीले कतै कुनै सुनुवाइ नभएपछि आन्दोलन चर्काउदै लगेका हुन् । यसै क्रममा नगरवासीको तर्फबाट गठित जनआन्दोलन परिचालन समितीको अगुवाईमा राजविराज नगरपालिका कार्यालयमा धर्ना दिएको आइतबार १७ दिन पुगेको छ । यस्तै नगरपालिका कार्यालयमा तालाबन्दी गरेको ७ दिन पुगेको छ ।

उनीहरुले आफुहरुको माग सम्बोधन नभए सम्म तालाबन्दी र धर्ना जारी राख्ने अडान लिएका छन । राजविराज स्थापनाकाल देखी नै नगरको मुख्य सडक मेनरोड तथा सडकको दायाँ बाया करिब ७० विगहा क्षेत्रफलमा वसोवास गर्दै आएका ५ हजार भन्दा बढी परिवार हाल सम्म लालपुर्जा विहीन छन ।

उक्त जग्गामा वसोवास गर्दै आएकाहरुले आफ्नै लगानीमा घर, पसल लगायतका संरचना बनाएका हुन । पुस्तौ देखी जग्गा उपभोग गर्दै आए पनि कसैको नाममा लालपुर्जा अहिले सम्म बन्न सकेको छैन । यद्धपी नापी कार्यालयले ती मध्येका १७ जनालाई विभिन्न मितिमा आर्थिक लाभ लिएर लालपुर्जा प्रदान गरिसकेको जनआन्दोलन परिचालन समितिका संयोजक खेलानन्द दासको भनाई छ ।

नापी कार्यालय राजविराजको २०२८ सालको नापी अनुसार फिल्डबुकमा पनि उक्त जग्गाहरु गाउँ/ब्लकमा रहेको स्पष्ट उल्लेख छ । उक्त जग्गामा वसोवास गर्दै आएकाहरुको नागरिक्तामा समेत वसोवास गर्दै आएको उक्त जग्गा भएको ठाउँको ठेगानामा उल्लेख छ । यस्तै विजुली, खानेपानी, नगरपालिकालाई महसुल र कर तिरेको रसिद पनि छ । तर सबै प्रमाण हुदा पनि लालपुर्जा पाउन नसकेको नगरवासीको गुनासो छ ।

यस अघि राजविराज नगरपालिकाको मिति २०८२ कार्तिक २८ गते सम्पन्न ९ औ नगरसभाले व्यक्तीको स्वामित्वमा रहेको उक्त जग्गाको लालपुर्जा प्रदान गर्न नापी कार्यालयललाई सिफारिस समेत गरिसकेको छ । तर उक्त निर्णय र सिफारिस अझै कार्यान्वयन न भएकाले थप दबाव सिर्जना गर्न नयाँ ढंगले आन्दोलन अघि बढाइएको नगरवासीको भनाई छ ।

जारी आन्दोलनलाई समर्थन र एक्यबद्धता जनाउदै राजनीतिक दल, संघ, संस्था र जनप्रतिनीधीको संख्या पनि दिनहु बढ्दै गएको छ ।

## एसइई पूरक परीक्षाको नतिजा दुई साताभित्र प्रकाशन गरिने

काठमाडौं, २४ जेठ (रासस) ।

राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय ( कक्षा १०) ले माध्यमिक शिक्षा परीक्षा (एसइई) को पूरक ( ग्रेडवृद्धि) परीक्षा सम्पन्न भएको दुई साताभित्र नतिजा प्रकाशन गर्ने गरी तयारी गरेको छ ।

आगामी असार १ देखि ९ गतेसम्म पूरक परीक्षा हुँदैछ । यसअघि, एसइई–२०८२ को परीक्षाफल एक महिनामा प्रकाशन गरिएको थियो । परीक्षा नियन्त्रक टुकराज अधिकारीले आगामी असार २५ गतेभित्र पूरक परीक्षाको परीक्षाफल प्रकाशन गरिने बताउनुभयो ।

एसइईमा एक लाख ४६ हजार ५०७ विद्यार्थी ‘ननग्रेडेड’ भएकामा पूरक परीक्षामा कतिले सहभागिता जनाउँछन् भन्ने यकिन तथ्याङ्क प्राप्त भइनसकेको उहाँले बताउनुभयो । ग्रेड सि’ भन्दा कम प्राप्त गरेका विद्यार्थी पूरक परीक्षामा सहभागी हुनेछन् ।

## बयलगाडाले किचेर घाइते बालकको मृत्यु

**दैनिक समाचारदाता सर्लाही, २४ जेठ ।**

सर्लाहीको बरहथवामा बयलगाडाले किचेका बालकको आइतबार उपचारका क्रममा मृत्यु भएको छ ।

शनिबार बरहथवा नगरपालिका १६ का खैरु पण्डितले चलाएको बयलगाडाले स्थानीय कृष्ण कुम्हालका नौ वर्षीय छोरा सुभास कुम्हाल घाइते भएका थिए ।

गम्भीर घाइते भएका बालकलाई तत्काल उपचारको लागि बरहथवास्थित नगर अस्पताल पुऱ्याएको थियो । त्यहाँबाट थप उपचारका लागि वीरगञ्ज न्यूरो अस्पताल पुऱ्याएकामा बालकको मृत्यु भएको जिल्ला प्रहरीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक वेदप्रसाद गौतमले जानकारी दिए ।

## ‘आइतबारको बिदा खारेज गर्न लागिएको होइन’

काठमाडौं, २४ जेठ (रासस) ।

नेपाल सरकारले दुई दिन (शनिबार र आइतबार) सार्वजनिक बिदा दिँदै आएकामा आइतबारको बिदा खारेज गर्न लागेको भन्ने समाचार सत्य नभएको सरकारले जनाएको छ ।

आइतबारका केही मिडियामा सरकारले हप्तामा दुई दिन शनिबार र आइतबार सार्वजनिक बिदा दिँदै आएकामा आइतबारको बिदा खारेज गर्ने तयारी गरेको समाचार आएपछि सरकारले त्यसको खण्डन गरेको हो ।

प्रधानमन्त्री वालेन्द्र शाहका प्रेस तथा अनुसन्धान विज्ञ दीपा दाहालले आइतबारको बिदा खारेज गरिएको भनेर आएको समाचार सत्य नभएको बताउनुभयो । उहाँले भन्नुभयो, “यस विषयमा सरकारले कुनै निर्णय गरेको छैन र अहिलेका लागि यस सम्बन्धमा कुनै तयारी पनि छैन ।”

यसअघि पश्चिम एसियाको समस्याका कारण इन्धनमा भएको निरन्तरको मूल्यवृद्धि लगायतले जनजीवनमा सहज होस् भन्ने उद्देश्यले गत चैत २२ को मन्त्रिपरिषद्को बैठकले शनिबार र आइतबार सार्वजनिक बिदा दिएर कार्यालय समय बिहान ९:०० देखि अपराह्न ५:०० बजेसम्म कायम गर्ने निर्णय गरेको थियो ।

**सगरमाथाको संरक्षण गरौं, प्राकृतिक सम्पदा जोगाऔं।**

- नेपालमा रहेको विश्वकै सर्वोच्च शिखर सगरमाथाको गौरवमा गर्व गरौं,
- हिमाली क्षेत्रको वातावरणीय सन्तुलन कायम राखौं,
- फोहोर व्यवस्थापनमा सचेत भई सफा हिमाल अभियानमा सहभागी बनौं,
- जलवायु परिवर्तनका असर न्यूनीकरणमा योगदान गरौं,
- पर्वतारोहणलाई सुरक्षित, मर्यादित र दिगो बनाऔं,
- जैविक विविधता र हिमाली पारिस्थितिक प्रणालीको संरक्षण गरौं,
- सगरमाथा क्षेत्रलाई विश्वकै नमूना पर्यटकीय गन्तव्य बनाऔं।

हिमाल हाम्रो पहिचान र गौरवको आधार।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### तीनै सरकारबीच समन्वय र सहकार्य आवश्यक

खास गरी वर्षायाममा तराईमा डुवानको समस्या देखिने गर्दछ । यस्तै पहाडमा पहिरोको जोखिम उत्तिकै रहन्छ । मनसुन सक्रिय हुँदा लगातारका वर्षाका कारण विभिन्न नदीहरुमा बाढी आउने गर्छ । यसको पूर्व व्यवस्थापन जरुरी देखिन्छ । नेपालमा हरेक वर्ष बाढी पहिरो, आगलागी, शितलहर जस्ता प्राकृतिक प्रकोपका कारण ठुलो जनधनको क्षति हुने गरेको तथ्याङ्क छ । मौसम तथा जल विज्ञान विभागले बाढी आउन सक्ने स्थान र मितिको पूर्व जानकारी गराईरहेको हुन्छ । सोही आधारमा स्थानीय सरकार तथा स्थानीय प्रशासनले बाढीसँग जुध्न तयारीहरु समेत गरिरहेका हुन्छन ।

तर, बर्षेनी सप्तरीमा सप्तकोशी, महुली, खाँडो, जिता, त्रियुगा जस्तो नदी खोलाहरुमा बाढी आइरहेको हुन्छ र यसले क्षति समेत हुन्छ । यसरी हरेक वर्ष बाढी आएर बाली नाली समेत बगाउँदा गरीब विपन्नहरु मारमा पर्ने गर्छन । उनीहरुले वर्षभरिका लागि भनेर संचित गरेका अन्न समेत क्षति भएर दोहोरो मारमा पर्ने गरेका छन् । अहिले मनसुन सक्रिय हुने बेला रहेको छ । तटिय क्षेत्रका वासिन्दाका लागि जोखिमपूर्ण अवस्था छ ।

तसर्थ जोखिम र क्षतिलाई कम गर्न पहिलेदेखि नै ठोस तयारीहरु गरिनु जरुरी देखिन्छ । यसका लागि तीनै तहका सरकारको समन्वय र सहकार्य आवश्यक छ । जसले कम्तिमा क्षतिको न्यूनिकरणमा मद्दत पुग्ने छ ।

# इभीका लागि देशभर १० हजार चार्जिङ स्टेसन निर्माण गर्ने सुझाव

काठमाडौं, २४ जेठ (रासस) ।

पूर्वाधार विकास मन्त्रालयले गरेको एक अध्ययनअनुसार देशभर विद्युतीय सवारीसाधन (इभी) को थप प्रवर्द्धनका लागि मुलुकभर कम्तीमा १० हजार चार्जिङ स्टेसन निर्माण गर्नुपर्ने देखिएको छ । मन्त्रालयले गरेको 'नेपालमा इभी प्रवर्द्धनका लागि अवसर, चुनौती र सम्भावना' सम्बन्धी अध्ययन प्रतिवेदनले मुलुकभर १० हजार चार्जिङ स्टेसन निर्माण गर्नुपर्ने जनाएको हो ।

सन् २०३० सम्म उक्त सङ्ख्यामा चार्जिङ स्टेसन निर्माण गर्न सकिएमामा विद्युतीय सवारीसाधनको प्रवर्द्धन उल्लेख्य रूपमा हुने प्रतिवेदनमा उल्लेख गरिएको छ । हाल देशभर कुल एक हजार चार्जिङ स्टेसन सञ्चालनमा छन् । अधिकांश स्टेसन विद्युतीय सवारीसाधनका आधिकारीक बिक्रेताले सञ्चालन गर्दै आएका छन् ।

विशाल ग्रुप, पारामाउन्ट मोटर्स, भिजी अटोमोबाइलगायतले २५०, १६० एमएडब्ल्यु बुद्धिले, ७० साइमेक्स इङ्क्ले, दिगो प्रालिले १२० वटा शशीला मोटर्सले, १७ वटा त्रिवेणी ग्रुपलगायतले चार्जिङ स्टेसन निर्माण गरी सञ्चालन गरिरहेका छन् । अधिकांश स्टेसन काठमाडौं, पोखरा, भरतपुरलगायत मुख्य सहर क्षेत्रमा केन्द्रित छन् ।

साबिक भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले एक कार्यदल बनाएर विद्युतीय सवारीसाधनको प्रवर्द्धनका लागि गर्नुपर्ने तयारीका बारेमा प्रतिवेदन बुझाएको थियो । सो मन्त्रालयका सहसचिव कृष्णराज पन्थ संयोजक रहनुभएको कार्यदलले तयार पारेको प्रतिवेदनअनुसार चार्जिङ पूर्वाधार, ब्याट्रीको लागत, सडक पूर्वाधार, ब्याट्रीको पुनः उपयोग तथा डिस्पोजललाई चुनौतीका रूपमा दर्शाएको छ ।

त्यस्तै, दक्ष जनशक्ति र अन्तरराष्ट्रिय अनुभव, निजी क्षेत्रको सीमित सहभागिता, सीप विकासको अभाव, सवारीसाधनका पार्टसको आयातमा रहेको निर्भरतालाई चुनौतीका रूपमा देखाएका छन् । उच्च सुरुआती लागत र न्यून पुनः बिक्री मूल्य, सवारीसाधनको गुणस्तर, योग्य चालकको अभाव, ठूला सवारी तथा मालवाहक सवारीका रूपमा विद्युतीय सवारीको प्रयोग हुन नसक्नुलाई चुनौतीका रूपमा लिइएको छ ।

विद्युतीय यातायातमैत्री भौतिक पूर्वाधारमा लगानी, निजी लगानी प्रोत्साहन, चार्जिङ स्टेसनहरू र ब्याट्री स्वापिङ (विद्युतीय सवारीसाधन चार्ज गर्ने आधुनिक र तीव्र प्रविधि) नीति, ब्याट्रीको जीवन र व्यवस्थापनको चुनौती, प्रविधिको अनुसन्धान र विकास, मापदण्ड तर्जुमा नहनुलाई पनि चुनौतीका रूपमा लिइएको छ ।

पूर्वाधार विकास मन्त्रालयले गरेको 'नेपालमा इभी प्रवर्द्धनका लागि अवसर, चुनौती र सम्भावनाको अध्ययन प्रतिवेदन' अनुसार राजमार्ग, ग्रामीण क्षेत्र र गाउँमा चार्जिङ अपर्याप्त रहेकाले विद्युतीय सवारीलाई सार्वजनिक साधनका रूपमा प्रयोगमा ल्याउन तथा लामो दूरी यात्रामा व्यवस्थापन गर्न समस्या हुने गरेको छ ।

जलविद्युत्को आन्तरिक खपत वृद्धि गर्ने उद्देश्यका साथ सरकारले विद्युतीय सवारीसाधनको प्रवर्द्धन गर्ने नीति लिएको छ । आगामी आर्थिक वर्षको बजेटमा पनि सरकारले विद्युतीय सवारीसाधनको प्रवर्द्धन गर्ने लक्ष्य राखेको छ । मुद्रा सटहीमा बचत हुने भएकाले यसलाई विद्युत् प्राधिकरणले १४२ किलोवाट क्षमताका ६२ वटा द्रुत गतिका चार्जर सञ्चालन गरिरहेको छ ।

प्राधिकरणले चालु आवमा सात प्रमुख ठाउँमा पूर्वाधार विस्तारका लागि रु एक करोडभन्दा बढी बजेट विनियोजन गरेको थियो । देशभर करिब एक लाख किलोमिटर सडक सञ्जाल पुगेको छ । विद्युतीय सवारीको चार्जिङ स्टेसनमार्फत अधिकतम उपयोग गरी आन्तरिक खपत वृद्धि गर्ने, स्वदेशी ऊर्जाको माध्यमबाट विश्वव्यापी रूपमा इन्धनको मूल्यमा हुने अस्थिरता र आपूर्ति अवरोधबाट मुलुकलाई जोगाउन पनि विद्युतीय सवारीसाधनको प्रवर्द्धन गर्ने नीति लिइएको हो ।

ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले विद्युतीय सवारीसाधनको प्रवर्द्धनका लागि मन्त्रालयले योजनाबद्ध प्रयास गरिरहेको जानकारी दिनुभयो । मन्त्रालयले तयार पारेको 'ऊर्जा खपत वृद्धि तथा निर्यात रणनीति, २०८३' मा देशभर चार्जिङ स्टेसनको सञ्जाल विस्तार गर्ने उल्लेख छ । सो कार्य आर्थिक वर्ष २०८५/८६ सम्म सम्पन्न गर्ने लक्ष्य राखिएको छ ।

पेट्रोलपम्पमा चार्जिङ स्टेसन र सार्वजनिक रूपमा विद्युतीय सवारीसाधनलाई प्राथमिकता दिने लक्ष्य निर्धारण गरेको छ । सो कार्यका लागि ऊर्जा मन्त्रालयले जिम्मेवार निकायका रूपमा प्राधिकरणलाई तोकेको छ । प्रमुख सहरहरूमा विद्युतीय बस र ट्रली बस सञ्चालन गरी आन्तरिक विद्युत् खपत क्षमता विकास गर्ने ऊर्जाको लक्ष्य छ ।

दिगो लक्ष्यअनुसार सन् २०३० सम्म ९० प्रतिशत निजी विद्युतीय सवारीसाधन र सन् २०४५ सम्म 'नेट शून्य कार्बन' उत्सर्जनको नेपालको लक्ष्य प्राप्ति गर्न विद्युतीय सवारीको महत्वपूर्ण भूमिका रहने देखिन्छ ।

अवसरका रूपमा चित्रण गर्दै अध्ययन प्रतिवेदनले कम सञ्चालन लागत र रोजगारी सिर्जना, वायु प्रदूषणमा कमी आउने, सार्वजनिक यातायातको आधुनिकीकरण र सडक दुर्घटनामा कमी आउने, सहरी यातायात दक्षता र पर्यटकीय आकर्षण बढ्ने उल्लेख छ ।

# दूषित खाद्यवस्तुका कारण बर्सेनि ६० करोड मानिस बिरामी

काठमाडौं, २४ जेठ (रासस) ।

दूषित खाद्यवस्तुका कारण विश्वभर हरेक वर्ष करिब ६० करोड मानिस बिरामी पर्ने गरेको तथ्याङ्क सार्वजनिक भएको छ । विश्व स्वास्थ्य सङ्गठन (डब्ल्युएचओ)का अनुसार खाद्यजन्य रोगका कारण वार्षिक करिब चार लाख २० हजार जनाको मृत्यु हुने गरेको छ ।

यही सन्दर्भमा सुरक्षित खाद्यवस्तुको महत्त्वबारे जनचेतना अभिवृद्धि गर्न आज विश्वका विभिन्न भागमा विविध कार्यक्रमका साथ विश्व खाद्य सुरक्षा दिवस मनाइँदै छ ।

संयुक्त राष्ट्रसङ्घीय महासभाले सन् २०१८ मा एक प्रस्ताव पारित गर्दै जुन ७ लाई विश्व खाद्य सुरक्षा दिवसका रूपमा घोषणा गरेअनुरुप सन् २०१९ देखि विश्वभर यो दिवस मनाउन थालिएको हो । दिवसको प्रवर्द्धन तथा समन्वय विश्व स्वास्थ्य सङ्गठन र संयुक्त राष्ट्रसङ्घीय खाद्य तथा कृषि सङ्गठन (एफएओ) ले संयुक्त रूपमा गर्दै आएका छन् ।

पर्याप्त मात्रामा सुरक्षित र पोषणयुक्त खाद्यवस्तुमा पहुँच मानव जीवन, स्वास्थ्य र समग्र कल्याणका लागि अपरिहार्य मानिन्छ । दूषित खाना वा पानीमार्फत शरीरमा प्रवेश गर्ने ब्याक्टेरिया, भाइरस, परजीवी तथा रासायनिक पदार्थका कारण विभिन्न खाद्यजन्य रोग फैलिने गर्छन् । यस्ता जोखिमहरू प्रायः नाङ्गो आँखाले देख्न नसकिने भएकाले खाद्य सुरक्षालाई अझ चुनौतीपूर्ण विषयका रूपमा हेरिएको छ ।

डब्ल्युएचओका अनुसार पाँच वर्षमुनिका बालबालिकाले खाद्यजन्य रोगको कुल भारको करिब ४० प्रतिशत हिस्सा वहन गर्छन् । यस्ता रोगका कारण हरेक वर्ष करिब एक लाख २५ हजार बालबालिकाको मृत्यु हुने गरेको छ । खाद्यजन्य रोगले विशेषगरी महिला, बालबालिका, द्वन्द्व प्रभावित समुदाय, आप्रवासी तथा अन्य कमजोर वर्गलाई असमान रूपमा प्रभावित गर्ने गरेको बताइएको छ ।

विशेषज्ञहरूका अनुसार खाद्य सुरक्षा उत्पादनदेखि उपभोगसम्मको सम्पूर्ण खाद्य शृङ्खलासँग सम्बन्धित विषय हो । खाद्यवस्तुको उत्पादन, सङ्कलन, प्रशोधन, भण्डारण, ढुवानी, वितरण, तयारी तथा उपभोगका हरेक चरणमा सुरक्षा मापदण्ड पालना गरिएमा खाद्यजन्य रोगको जोखिम उल्लेखनीय रूपमा घटाउन सकिन्छ ।

यो दिवसका अवसरमा खाद्य सुरक्षालाई प्रभावकारी नियमन प्रणाली, स्वच्छ खानेपानीमा पहुँच, असल कृषि अभ्यास, खाद्य सुरक्षा व्यवस्थापन प्रणाली तथा उपभोक्ता सचेतनासँग जोडेर हेरिनुपर्नेमा जोड दिइएको छ । सरकार, उत्पादक, व्यवसायी, वैज्ञानिक, नागरिक समाज र उपभोक्ताको साझा प्रयासबाट मात्र सुरक्षित खाद्यवस्तुको सुनिश्चितता गर्न सकिने विज्ञहरूको भनाइ छ ।

'खाद्य सुरक्षा सबैको जिम्मेवारी' भन्ने सन्देशका साथ मनाइने यस दिवसले खाद्य सुरक्षा, जनस्वास्थ्य, कृषि, व्यापार, पर्यटन र दिगो विकासबीचको अन्तरसम्बन्धलाई उजागर गर्दै सुरक्षित खाद्यवस्तुको सुनिश्चितताका लागि सबै पक्षलाई सक्रिय भूमिका निर्वाह गर्न आह्वान गरेको छ ।

# मधेश प्रदेशमा काँडेभ्याकुर

काठमाडौं, २४ जेठ (रासस) ।

नेपालमा मात्र पाइने काँडेभ्याकुर चराको पहिलोपटक मधेस प्रदेशमा फेला परेको छ । समुद्री सतहदेखि चार सय ४३ मिटरको उचाइमा रहेको चुरे वन क्षेत्रपर्ने बाराको जितपुरसिमरा उपमहानगरपालिका-२२ को दुधौरा खोला नजिकै उक्त चरा फेला परेको हो ।

चराविद् हठन चौधरी र सुरज बरालले चरा अवलोकनका क्रममा यही जेठ २१ गते दुधौरा खोलाको पूर्वी शाखा खोला किनारमा यस चराको अभिलेख गर्नुभएको नेपाल पन्छीविद् सङ्घले जनाएको छ ।

चरा अवलोकनका क्रममा वन विज्ञान अध्ययन संस्थान, हेटौंडा क्याम्पसमा स्नातक तहमा अध्ययनरत विद्यार्थी आशिष पन्त, सुमीसिंह ठकुरी र निश्चल पोखरेल पनि सहभागी हुनुहुन्थ्यो । उचाइका दृष्टिकोणले यो हालसम्मकै सबैभन्दा कम उचाइमा काँडेभ्याकुरको पहिलो अभिलेख गरिएको हो ।

नेपाल पन्छीविद् सङ्घ र मिथिला 'वाइल्डलाइफ ट्रस्ट'को

बाँकी तीन पृष्ठमा

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# सामाजिक सुरक्षा कोषमा एक खर्ब ११ अर्ब योगदान संकलन

काठमाडौँ, २४ जेठ (रासस)।

जलविद्युत् परियोजना, विद्युत् प्रसारण लाइन, सौर्य तथा नवीकरणीय ऊर्जा उत्पादन गर्ने उद्योगमा लगानी गर्ने गरी सामाजिक सुरक्षा कोषले कर्जा वा सहवित्तीयकरणमा लगानी गर्ने गरी प्राथमिकताका क्षेत्र निर्धारण गरेको छ। कोषमा यही जेठ २० गतेसम्म रु एक खर्ब ११ अर्ब सात करोड पाँच लाख ८५ हजार बराबरको योगदान रकम जम्मा भएको छ।

दैनिक रूपमा रकम थपिँदै गएकाले लगानीको दायरा विस्तार गर्नुपर्ने निष्कर्षमा कोष पुगेको छ। सोही आधारमा कोषले सरकारी स्वामित्वका कम्पनीसँग मिलेर जलविद्युत् तथा नवीकरणीय ऊर्जा परियोजनामा लगानी गर्ने नीति अख्तियार गरेको छ। कोषका चार वटा प्रस्ताव आएकामा दुई वटा प्रस्तावमाथि छलफल भइरहेको छ।

मुलुकको ऊर्जा क्षेत्रमा लगानी गर्ने उद्देश्यका साथ कोषमा सङ्कलन भएको प्रस्तावलाई अगाडि बढाउन लागिएको छ। कोषका निर्देशक रोहित रेग्मीले लगानी विविधिकरणका लागि प्रयास भइरहेको जानकारी दिनुभयो। कोषमा जम्मा हुने रकम बैङ्क तथा वित्तीय संस्थामा राख्दा आर्थिक विकास र समृद्धिमा योगदान हुन नसक्ने भएकाले थप क्षेत्रको खोजी गरिएको उहाँको भनाइ छ। आगामी आर्थिक वर्षको बजेटले विभिन्न कोषमा रहेको रकमलाई उपयोग गर्ने नीति अख्तियार गरेको छ।

खानीजन्य क्षेत्रअन्तर्गत स्वदेशमा 'क्लिङ्कर' उत्पादन गरी सिमेन्ट उत्पादन गर्ने परियोजनामा पनि कोषले लगानी गर्ने नीति लिएको निर्देशक रेग्मीले उल्लेख गर्नुभयो। उहाँका अनुसार कोषमा हालसम्म २३ हजार ४७६ रोजगारदाता र २९ लाख ५८ हजार ४२९ योगदानकर्ता सूचीकृत भएका छन्। कोषले कुल दाबी भुक्तानी रु २० अर्ब ४५ करोड २६ लाख १० हजार ७३८ गरेको छ। औषधि उपचार, स्वास्थ्य तथा मातृत्व दाबी रकम रु तीन अर्ब २३ करोड ५१ लाख दुई हजार ९११ बराबर रहेको छ।

दुर्घटना तथा अशक्तता सुरक्षातर्फ रकम रु २८ करोड ४४ लाख ३० हजार १८८, आश्रित परिवार सुरक्षा दाबी रकम रु ३४ करोड ९५ लाख ७३ हजार ३९८ र अवकाश दाबी रकम रु १६ करोड ५८ लाख ३५ लाख चार हजार २४१ बराबर रहेको कोषका निर्देशक रेग्मीले जानकारी दिनुभयो।

संस्थागत वा सहवित्तीयकरण कर्जामा पर्यटन क्षेत्र, निर्माण क्षेत्र, सूचना तथा प्रविधि क्षेत्र, सेवामूलक क्षेत्र, कृषि क्षेत्रमा लगानी गर्न सकिने व्यवस्था गरेको छ। सञ्चालक समितिले उपयुक्त ठानेको क्षेत्रमा पर्याप्त धितो वा जमानी लिई संस्थागत कर्जा प्रवाह गर्न सक्ने व्यवस्था गरिएको छ। कर्जा प्रवाह गर्दा तिर्ने क्षमता भएको कम्पनीलाई परियोजना स्थापना र सञ्चालनको लागि स्थिर पूँजी कर्जा, चालु पूँजी कर्जा वा चक्र कर्जा समेत प्रवाह गर्न सकिने व्यवस्था छ।

कोषले २० मेगावाटभन्दा कम क्षमताको विद्युत् परियोजनामा भने कोषले लगानी नगर्ने नीति लिएको निर्देशक रेग्मीले बताउनुभयो। विद्युत् खरिदसम्बन्धी शर्त तथा बन्देज वा कुनै समयमा प्राधिकरणले विद्युत् खरिद नगर्ने शर्त भएमा, कनेक्सन सम्झौताबमोजिमको सबस्टेसन तयार भई नसकेको परियोजनामा लगानी नगर्ने नीति रहेको उहाँले उल्लेख गर्नुभयो। उहाँका अनुसार कम्तीमा ३० प्रतिशत स्वपुँजी नभएको परियोजना, निजी कम्पनीबाट सञ्चालित परियोजना र कोषको प्राथमिकतामा नपरेको परियोजनामा पनि लगानी नगर्ने नीति छ।

# त्रिवि उपकुलपतिका उम्मेदवार : विदेशी विश्वविद्यालयका प्राध्यापक पनि

**दैनिक समाचारदाता**
**काठमाडौँ, २४ जेठ।**

त्रिभुवन विश्वविद्यालयको उपकुलपतिका लागि पूर्वउपकुलपतिदेखि विदेशी विश्वविद्यालयको प्राध्यापकसम्म प्रतिस्पर्धामा छन्। सिफारिस समितिले शुक्रबार १० जनाको सर्टलिस्ट सार्वजनिक गरेको हो।

समितिले वर्णानुक्रमअनुसार सार्वजनिक गरेको अल्पसूचीमा प्रा.डा. अमरप्रसाद यादव छन्। उनी राजर्षिजनक विश्वविद्यालयका पूर्वउपकुलपति हुन्। सरकारले अध्यादेशबाट सबै विश्वविद्यालयको उपकुलपतिलाई बर्खास्त गरेपछि उनी बाहिरिएका थिए। यसपटक उनी त्रिवि उपकुलपतिको दौडमा छन्।

प्रा.डा. कविप्रसाद पोखरेल पनि सर्टलिस्टमा परेका छन्। उनी शिक्षाशास्त्र केन्द्रीय विभागका पूर्वप्रमुख हुन्। अल्पसूचीमा परेका प्रा.डा. कृष्णराज आचार्य अर्थशास्त्र केन्द्रीय विभागका प्राध्यापक हुन्।

त्यसैगरी प्रा.डा. गोविन्द सुवेदी त्रिवि विश्वविद्यालय क्याम्पस कीर्तिपुरका पूर्वप्रिन्सिपल हुन्। प्रा.डा. टंकनाथ धमला केन्द्रीय गणित विभाग र कम्प्युटर विज्ञान तथा सूचना प्रविधि विभागका पूर्वप्रमुख हुन्। उनी त्रिविकै सन् १९८९ का टपर हुन्। उनले चान्सलर गोल्ड मेडल पाएका छन्।

तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहालको कार्यकालमा पनि उनी त्रिविको उपकुलपतिको दौडमा थिए। सिफारिस समितिले उपकुलपतिको लागि तीन जनाको नाम सिफारिस गर्दा धमला पनि परेका थिए। तर त्यसबेला प्रा.डा. केशरजंग बराल उपकुलपति नियुक्त भएका थिए।

प्रा.डा. ताराप्रसाद भुसाल अर्थशास्त्र केन्द्रीय विभागका प्राध्यापक हुन्। उनी मानविकी तथा सामाजिकशाास्त्र संकायको पूर्वसहायक डिन हुन्। उनी हाल त्रिविको इन्क्युबेसन सेन्टरको निर्देशक पनि हुन्।

प्रा.डा. दुर्गादत्त पौडेल अमेरिकाको लुसियाना विश्वविद्यालयका प्राध्यापक हुन्। यसपटक विदेशी विश्वविद्यालयमा कार्यरत प्राध्यापकले पनि त्रिविको उपकुलपतिका लागि आवेदन दिएका हुन्।

प्रा.डा. नन्दबहादुर सिंह मध्यपश्चिम विश्वविद्यालयका पूर्वउपकुलपति हुन्। त्यसैगरी, प्रा.डा भोला थापा पनि काठमाडौँ विश्वविद्यालयका पूर्वउपकुलपति हुन्। केयूका प्राध्यापक थापाले यसपटक त्रिविको उपकुलपतिका लागि आवेदन दिएका हुन्।

अनुसन्धानकर्ता प्रा.डा. रामप्रसाद रेग्मी भौतिकशास्त्र केन्द्रीय विभागका प्राध्यापक हुन्। त्रिभुवन विश्वविद्यालय उपकुलपतिको लागि ५० जनाले आवेदन दिएका थिए। त्यसमध्ये १० जनाको अल्पसूची तयार पारिएको हो। सिफारिस समितिका अनुसार विज्ञले दिएको नम्बरको आधारमा १० जनाको सूची तयार पारिएको हो।

गत २५ वैशाखमा १० दिनको समय दिएर नयाँ उपकुलपतिको लागि खुला आह्वान गरिएको थियो। अध्यादेशमार्फत उपकुलपतिहरू पदमुक्त भएपछि नयाँ उपकुलपति चयन गर्न लागिएको हो।

**उम्मेदवारको सार्वजनिक राय-सुझाव**

अब उम्मेदवारबारे सार्वजनिक राय-सुझाव दिन सकिने छ। सोमबारसम्म राय-सुझाव दिन समितिले भनेको छ। 'अल्पसूचीमा रहेका उम्मेदवारहरूको सम्बन्धमा २०८३ जेठ २५ गतेभित्र यसैसाथ राखिएको गुगल लिङ्क प्रयोग गरी राय-सुझाव उपलब्ध गराउन सकिने बेहोरासमेत सबैमा अनुरोध छ,' सिफारिस समितिले जारी गरेको सूचनामा भनिएको छ।

त्यसपछि प्रस्तुतीकरण तथा अन्तर्वार्ता हुनेछ। अल्पसूचीमा परेका उम्मेदवारको विश्वविद्यालयसम्बन्धी सोचपत्र र रणनीतिक कार्ययोजनाको मूल्याङ्कन गरिने छ। सोचपत्र र कार्ययोजना एकभन्दा बढी विज्ञबाट गराइने छ। विज्ञ टिममा को-को छन् भन्ने सार्वजनिक गरिएको छैन। सिफारिस समितिले विज्ञको रोस्टर नै बनाएको छ।

उपकुलपति उम्मेदवारको मूल्याङ्कनमा शिक्षामन्त्री सस्मित पोखरेलसहित सिफारिस समितिका सदस्य सहभागी हुने छैनन्। विज्ञ टिमले नै मूल्याङ्कन गर्नेछ। एउटा प्रक्रियामा सहभागी भएका विज्ञ अर्को प्रक्रियामा सहभागी नहुने समितिले जनाएको छ।

पारदर्शिता र निष्पक्ष गर्नका लागि सिफारिस समितिका सदस्य मूल्याङ्कनमा सहभागी नहुने भएका हुन्। मन्त्रीको सचिवालयका अनुसार आवेदन दिएका उम्मेदवारलाई नम्बर विज्ञले नै नम्बर दिने छन्। सबै प्रक्रिया पूरा गरेर विज्ञले दिएको अंकको आधारमा सिफारिस समितिले उपकुलपतिका लागि नाम कुलपतिलाई पठाइने सिफारिस समितिले जनाएको छ।

अनलाइन खबरबाट

## *मधेश प्रदेशमा ...*

संयुक्त सहकार्यमा हाल मधेस प्रदेशका आठवटै जिल्लामा चरा सर्वेक्षणको काम भइरहेको छ। पहिलो चरणको सर्वेक्षण जाडोयामलाई लक्षित गरी गत माघ-फागुनमा गरिएको थियो भने दोस्रो चरणमा गर्मीयाम लक्षित सर्वेक्षण हाल यही जेठ १८ गतेदेखि सुरु गरिएको छ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग र वन तथा भूसंरक्षण विभागको अनुमतिमा पर्सा राष्ट्रिय निकुञ्ज, कोशीटप्पु वन्यजन्तु आरक्ष र मधेस प्रदेशका आठै जिल्लाका डिभिजन वन कार्यालयहरूसँग समन्वय गरी सर्वेक्षण सुरु भएको जनाइएको छ।

काँडेभ्याकुर नेपालमा मात्र पाइने रैथाने चरा हो। प्रायः पहाडी क्षेत्रमा बढी पाइने यो चरा यसअघि सात प्रदेशमा अभिलेख भइसकेको छ। अब बारा जिल्लामा पनि चरा फेला परेसँगै यसको भौगोलिक फैलावट नेपालका सातवटै प्रदेशमा पुष्टि भएको छ।

## विश्व समाचार

### गाजा युद्धविराम कार्यान्वयनबारे हमास र प्यालेस्टिनी पक्षबीच काइरोमा वार्ता

गाजा, २४ जेठ (रासस/सिन्ह्वा)।

हमासले शनिबार इजिप्टको राजधानी काइरोमा प्यालेस्टिनी विभिन्न पक्षहरू तथा मध्यस्थकर्ताहरूसँग गाजा युद्धविराम सम्झौताको कार्यान्वयन र गाजा क्षेत्रको भावी व्यवस्थापनबारे औपचारिक छलफल सुरु गरेको जनाएको छ।

हमासका प्रवक्ताले सञ्चारकर्मीहरूसँग कुरा गर्दै बैठकको मुख्य उद्देश्य युद्धविराम सम्झौताको पहिलो चरणमा भएका सहमतिहरूलाई पूर्ण रूपमा कार्यान्वयन गर्नु रहेको बताउनुभयो। उहाँका अनुसार यसमा सैन्य गतिविधि तथा तनावको अन्त्य, लक्षित आक्रमण रोक्ने, सीमा नाकाहरू सञ्चालनमा ल्याउने तथा राष्ट्रिय समितिलाई गाजामा प्रवेशको अनुमति दिने विषयहरू समावेश छन्।

उहाँले थप जानकारी दिँदै दोस्रो चरणका विषयमा पनि छलफल हुने बताउनुभयो। यस क्रममा अन्तर्राष्ट्रिय शान्ति बल वा प्राविधिक समितिको भूमिकाबारे विचार-विमर्श गरिनुका साथै प्यालेस्टिनी हतियारसम्बन्धी विषयमा सबै पक्षलाई स्वीकार्य हुने समाधान खोज्ने प्रयास गरिनेछ। हमासले प्यालेस्टिनी जनताको हितलाई सर्वोच्च प्राथमिकतामा राखेको र गाजामा पुनः द्वन्द्व सिर्जना हुन सक्ने कुनै पनि कारण हटाउने प्रयास गरिरहेको उहाँले बताउनुभयो।

गाजास्थित हमास नेतृत्वको प्रतिनिधिमण्डल तथा अन्य प्यालेस्टिनी पक्षका प्रतिनिधिहरू शुक्रबार काइरो पुगेका थिए। वार्ता केही दिनसम्म जारी रहने अपेक्षा गरिएको छ। यी घटनाक्रमहरू अक्टोबर २०२५ मा भएको युद्धविराम सम्झौताको कार्यान्वयन अझै पूर्ण रूपमा हुन नसकेको अवस्थाबीच भएका हुन्। सम्झौताका महत्वपूर्ण पक्षहरू, जस्तै निःशस्त्रीकरण र पुनर्निर्माण, अझै प्रक्रियामै रहेका छन्।

युद्धविरामको पहिलो चरणअन्तर्गत बन्दीहरूको आदानप्रदान, गाजामा मानवीय सहायता प्रवेश तथा केही क्षेत्रबाट सैनिक फिर्ता गर्ने व्यवस्था गरिएको थियो। जनवरी महिनाको मध्यतिर युद्धविरामको दोस्रो चरण सुरु भएको घोषणा गरिएको थियो। यस चरणमा सैनिक फिर्ती, निःशस्त्रीकरण, पुनर्निर्माण तथा अन्तरिम प्रशासनिक संरचना गठन गर्ने विषयहरू समावेश छन्।

### रुसको आर्थिक मञ्चमा ८९ अर्ब डलरभन्दा बढीका सम्झौता

सेन्ट पिटर्सबर्ग, २४ जेठ (रासस/सिन्ह्वा)।

रुसको सेन्ट पिटर्सबर्गमा आयोजित सन् २०२६ को अन्तर्राष्ट्रिय आर्थिक मञ्चमा करिब ८९ अर्ब ६० करोड अमेरिकी डलर (झण्डै ६ दशमलव ६ ट्रिलियन रुबल) बराबरका सम्झौताहरू सम्पन्न भएका छन्। मञ्चको आयोजक समितिका कार्यकारी सचिवले शनिबार जानकारी दिँदै चार दिनसम्म सञ्चालन भएको कार्यक्रममा १ हजार ८४ वटा विभिन्न सम्झौता सम्पन्न भएको बताउनुभएको छ। मञ्च बुधबारदेखि शनिबारसम्म आयोजना गरिएको थियो।

उहाँका अनुसार यस वर्षको मञ्चमा विश्वका १४२ देशका प्रतिनिधिहरू सहभागी भएका थिए। व्यापार, लगानी, ऊर्जा, प्रविधि, पूर्वाधार विकास तथा अन्तर्राष्ट्रिय आर्थिक सहकार्यका विविध विषयमा छलफल हुनुका साथै विभिन्न क्षेत्रसँग सम्बन्धित सम्झौताहरूमा हस्ताक्षर गरिएको थियो। रुसको प्रमुख अन्तर्राष्ट्रिय आर्थिक कार्यक्रमका रूपमा परिचित यो मञ्चले विश्वभरका सरकारी प्रतिनिधि, उद्योगी, लगानीकर्ता तथा आर्थिक नीति निर्माताहरूलाई एकै थलोमा ल्याउने गरेको छ।

आयोजकहरूका अनुसार यस वर्षको सहभागिता र सम्झौताहरूको परिमाणले मञ्चप्रति अन्तर्राष्ट्रिय चासो निरन्तर बढिरहेको सङ्केत गरेको छ। विश्व अर्थतन्त्रमा देखिएका चुनौती, क्षेत्रीय सहकार्य, नयाँ लगानी अवसर तथा दीर्घकालीन आर्थिक विकासका रणनीतिबारे समेत मञ्चमा व्यापक छलफल भएको जनाइएको छ।

### इरान युद्धले तेल बजारमा प्लसको प्रभाव कमजोर, उत्पादन बढाउने तयारी

लन्डन, २४ जेठ (रासस/एएफपी)।

इरान युद्धका कारण तेल आपूर्ति अवरुद्ध भएपछि विश्व बजारमा मूल्य तीव्र रूपमा बढ्दै गएको अवस्थामा ओपेक प्लसका मन्त्रीहरूले आइतबार हुने बैठकमा उत्पादन कोटा बढाउने विषयमा छलफल गर्ने भएका छन्। यस कदमको मुख्य उद्देश्य अन्तर्राष्ट्रिय बजारमा बढ्दो तेल मूल्यलाई नियन्त्रणमा ल्याउनु हो।

विश्लेषकहरूका अनुसार ओपेक प्लसले दैनिक करिब १ लाख ८८ हजार ब्यारेलसम्म उत्पादन वृद्धि गर्ने निर्णय गर्न सक्ने सम्भावना छ, जुन पछिल्ला निर्णयहरूसँग मिल्दोजुल्दो हुनेछ। तर उत्पादन क्षमता सीमित भएकाले वास्तविक रूपमा केवल सात देशहरू–साउदी अरेबिया, रूस, इराक, कुवेत, काजाकिस्तान, अल्जेरिया र ओमान–ले मात्र आपूर्ति बढाउन सक्ने अवस्था रहेको बताइएको छ।

इरानमाथि अमेरिका र इजरायलले गरेको आक्रमणपछि महत्वपूर्ण समुद्री मार्ग स्ट्रेट अफ होर्मुज बन्द जस्तै भएको छ, जसले विश्वको करिब २० प्रतिशत तेल तथा ग्यास आपूर्ति प्रभावित पारेको छ। यस अवरोधका कारण अन्तर्राष्ट्रिय बजारमा तेलको मूल्य झन्डै दोब्बर पुगेको छ र त्यसको असर विश्वभर मुद्रास्फीतिमा देखिन थालेको छ।

विशेषज्ञहरूको भनाइमा ओपेक प्लसले उत्पादन बढाउने घोषणा गरे पनि त्यसको वास्तविक प्रभाव सीमित हुने सम्भावना छ। स्यास्को बैंकका विश्लेषक ओले ह्यान्सनका अनुसार ओपेकसँग बजारमा ठूला र निर्णायक परिवर्तन ल्याउने विकल्पहरू अहिले धेरै बाँकी छैनन्, जसले गर्दा यसको नीतिगत प्रभाव पहिलेको तुलनामा कमजोर देखिएको छ।

# विद्यालयस्तरीय टी-२० क्रिकेटमा नरेन्द्र माविं विजयी




**दैनिक समाचारदाता**
**राजविराज, २४ जेठ ।**

सप्तरी क्रिकेट संघको समन्वय तथा सवल नेपालको आयोजनामा राजविराजमा संचालित जिल्लास्तरीय अन्तरविद्यालय टी-२० क्रिकेट छनोट प्रतियोगिताको पहिलो खेलमा नरेन्द्र माध्यमिक विद्यालय बोरियाले विजयी सुरुवात गरेको छ ।

स्थानीय पविमावि क्रिकेट मैदानमा आइतबार सम्पन्न उद्घाटन खेलमा जानकी माध्यमिक विद्यालयलाई २ विकेटले पराजित गर्दै नरेन्द्र मावि बिजयी भएको हो ।

टस जितेर पहिले ब्याटिङ गरेको जानकी माविले निर्धारित २० ओभरमा ९ विकेट गुमाउँदै १ सय ४७ रनको योगफल तयार गरेको थियो । टोलीका लागि हेमशंकर झाले सर्वाधिक ३५ रन बनाउँदा कृष्णा रायले २४ रनको योगदान दिए । बलिङतर्फ नरेन्द्र माविका बेचन मण्डल, मनिष यादव, कौशल दास तथा हर्सल मिश्राले समान २/२ तथा गोपाल मण्डलले १ विकेट लिएका थिए ।

एक सय ४८ रनको लक्ष्य पछ्याएको नरेन्द्र माविले १९ ओभर ४ बलमा ८ विकेट गुमाएर लक्ष्य पूरा गरेको हो । नरेन्द्र माविको जितमा पप्पु मण्डलले २८ रन बनाउँदा बेचन मण्डल र अनिल मण्डलले समान २४/२४ रन जोडे । यस्तै हर्सल मिश्राले महत्वपूर्ण २२ रनको योगदान दिएका थिए ।

जानकी माविका लवकान्त यादवले उत्कृष्ट बलिङ गर्दै सर्वाधिक ४ विकेट लिए भने कृष्णा रायले २ विकेट हात पार्दा सुभाष यादव र नितेश रायले समान १/१ विकेट लिए ।

खेलमा उत्कृष्ट प्रदर्शन गरेका हर्सल मिश्रालाई 'प्लेयर अफ द म्याच' घोषित गरिएको सवल नेपालका कार्यक्रम संयोजक नवनीत जयसवालले जानकारी दिए ।

प्रतियोगिताको विजेता विद्यालयले सम्बन्धित जिल्लाको प्रतिनिधित्व गर्दै जेठ २७ गते हुने मधेश प्रदेशस्तरीय प्रतियोगितामा सहभागिता जनाउने छ । त्यस्तै प्रदेशस्तरीय प्रतियोगिताको विजेता विद्यालयले नेपाल क्रिकेट संघको आयोजनामा असार १ गतेदेखि सुरु हुने राष्ट्रिय प्रतियोगितामा प्रदेशको प्रतिनिधित्व गर्ने सप्तरी क्रिकेट संघका अध्यक्ष आयुष श्रेष्ठले जानकारी दिए ।

# सीमा विवाद कूटनीतिक माध्यमबाट समाधान गर्न नेपाल प्रतिबद्ध छ : परराष्ट्रमन्त्री



तस्बिर : रासस

काठमाडौँ, २४ जेठ (रासस) ।

परराष्ट्रमन्त्री शिशिर खनालले कूटनीतिक माध्यमबाट सीमा विवाद समाधान गर्न नेपाल प्रतिबद्ध रहेको बताउनुभएको छ ।

भारत भ्रमणमा रहनुभएका मन्त्री खनालले आइतबार नयाँ दिल्लीस्थित नेपाली दूतावासमा आयोजित पत्रकार सम्मेलनमा नेपाल-भारतबीचका सीमासम्बन्धी समस्या वार्ता र कूटनीतिक माध्यमबाट समाधान गर्न नेपाल तयार रहेको बताउनुभएको हो ।

एक प्रश्नको जवाफमा परराष्ट्रमन्त्रीले लिपुलेक, लिम्पियाधुरा र कालापानी नेपाली भूमि भएका दोहोर्‍याउँदै यस सम्बन्धमा नेपालले भारत र चीनसमक्ष आफ्नो आधिकारिक धारणा स्पष्ट गरिसकेको जानकारी दिनुभयो ।

"नेपाल-भारतको वर्तमान सीमा सन् १८१६ को सन्धिबाट निर्धारित भएको हो । यी विषयहरू द्विपक्षीय वार्ता र कूटनीतिक संयन्त्रमार्फत समाधान गरिनेछन् । हामी सीमा विवाद कूटनीतिक प्रक्रियाबाटै समाधान गर्न चाहन्छौँ," उहाँले भन्नुभयो ।

दुई देशका प्रधानमन्त्रीको सहमतिमा गठित समूहले तयार गरेको नेपाल-भारत प्रबुद्ध व्यक्ति समूह (इपिजी) प्रतिवेदन उहाँहरूलाई नै बुझाउनुपर्ने बताउनुभयो ।

अर्को प्रश्नको जवाफमा नेपालले आफ्ना दुवै छिमेकीसँग सहकार्य गर्ने मन्त्री खनालले बताउनुभयो ।

उहाँले मुलुकका परराष्ट्र नीतिका प्राथमिकता, नेपाल-भारत सम्बन्ध, तथा अन्तरराष्ट्रिय समुदायसँग नेपालको संलग्नताबारे पनि स्पष्ट गर्नुभयो ।

यसैबीच, राजदूतावासले सञ्चारकर्मीको सहभागिताप्रति आभार व्यक्त गर्दै नेपाल र भारतबीचको आपसी समझदारी तथा सहकार्यलाई अझ सुदृढ बनाउन आगामी दिनमा पनि निरन्तर संवाद र सहकार्यको अपेक्षा गरेको बताएको छ ।

# क्यान्सरलगायत औषधिको आपूर्ति सहज बनाउन स्वास्थ्यमन्त्रीको निर्देशन

काठमाडौँ, २४ जेठ (रासस) ।

स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहताले हाल बजारमा अभाव देखिएका औषधिको आपूर्ति तथा व्यवस्थापनलाई सहज बनाउन निर्देशन दिनुभएको छ ।

औषधि व्यवस्था विभागको अनुगमनपछि उहाँले क्यान्सरलगायत औषधिको अभाव हुन नदिन निर्देशन दिनुभएको हो ।

उहाँले हालसम्म औषधि आपूर्ति र वितरणको अनुमतिका लागि निवेदन पेस गरेका तर अनुमति नपाएका कम्पनीको स्थलगत निरीक्षण गरी प्रक्रिया अगाडि बढाउन निर्देशन दिनुभयो ।

साथै, मन्त्री मेहताले विभागको नियमन क्षमता वृद्धि गर्न सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ । उहाँले विभागलाई प्रभावकारी बनाउन तत्काल गर्नुपर्ने सुधारका लागि आवश्यक स्रोतसाधन र जनशक्तिको विवरण अविलम्ब पेस गर्न आग्रह निर्देशन दिनुभएको छ ।

मन्त्री मेहताले सरकारबाट निःशुल्क वितरण गरिने औषधि र स्वास्थ्य बीमाअन्तर्गत उपलब्ध गराइने औषधीको गुणस्तर परीक्षणलाई जोड दिने गरी आवश्यक व्यवस्थापन गर्न सम्बद्ध पक्षलाई निर्देशन दिनुभएको छ ।

विभागका निमित्त महानिर्देशक शिवानी खड्गीले विभागका कामकारबाहीबारे जानकारी गराउनुभएको थियो ।

# वन संरक्षणमाथी आक्रमण गर्ने पक्राउ

**दैनिक समाचारदाता**
**रौतहट, २४ जेठ ।**

रौतहटमा वन संरक्षणका लागि गस्तीमा खटिएको टोलीमाथि आक्रमण गर्ने गुजरा नगरपालिका २ मैढा गाउँ बस्ने वर्ष २६ का राजकिशोर साहलाई प्रहरी टोलीले वीरगन्जबाट पक्राउ गरेको छ ।

इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुर र प्रहरी चौकी वीरगन्ज बिर्ताको संयुक्त टोलीले लुकिछिपी बसेको अवस्थामा शनिवार साँझ आरोपी राजकिशोरलाई वीरगन्जबाट पक्राउ गरेको हो ।

हाल उनी इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरको हिरासतमा रहेको जिल्ला प्रहरी प्रवक्ता डिएसपी वसन्त गौतमले बताएका छन् ।

सहायक वन अधिकृत राजकुमार चौधरीको जाहेरीको आधारमा प्रतिवादी राजकिशोर साह लगायतमाथि इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरमा ज्यान मार्ने उद्योग मुद्दा दायर भई जिल्ला अदालत रौतहटबाट पक्राउ आदेश जारी भएको थियो । काठ चोरी भइरहेको सूचनाका आधारमा जङ्गल क्षेत्रमा पुगेको डिभिजन वन कार्यालय र रङ्गपुर साझेदारी वन उपभोक्ता समितिको संयुक्त टोलीमाथि गत १९ गते राती साढे १२ बजे राजकिशोर लगायतको समूहले आक्रमण गरेको हो ।

आक्रमणमा डिभिजन वन कार्यालयका सहायक वन अधिकृत राजकुमार चौधरी, वन रक्षक सुरेन्द्र चौधरी, रङ्गपुर साझेदारी वन उपभोक्ता समितिका सदस्य अर्जुन चौधरी र विमल थापा तथा गस्ती गाडीका चालक अरविन्द पटेलसमेत घाइते भएका थिए ।

रङ्गपुर साझेदारी वन उपभोक्ता समितिका अध्यक्ष अशोक यादवका अनुसार वन क्षेत्रमा काठ चोरी भइरहेको सूचनापछि टोली गस्तीमा गएको थियो । तर जङ्गलभित्र पुगेपछि उक्त समूहले सङ्गठित रूपमा उनीहरूमाथि आक्रमण गरेको थियो ।

सूचना ! सूचना !! सूचना !!!

इम्प्याक्ट नेपाल प्राथमिक कान उपचार केन्द्र, राजविराजले सम्पूर्ण उपचार सेवाहरू यही मिति २०८२।१०।१२ (26-01-2026) गतेदेखि गीता पेट्रोल पम्प अगाडीको आफ्नै नयाँ भवन इम्प्याक्ट नेपाल ठाको देवी जोगेन्द्र भगत कान उपचार केन्द्र राजविराजबाट अति अत्याधुनिक प्रविधिबाट सुविधा सहित सम्पूर्ण सेवाहरू उपलब्ध गराउने भएको सहर्ष जानकारी गराउँदछौं ।

हाम्रो सेवाहरू:
१. दैनिक कान जाँच तथा उपचार
२. विभिन्न आधुनिक मेसिनबाट कानको परिक्षण (PTA, Tympanogram, EUM)
३. कानको सुन्ने मेसिन (Hearing Aid)
४. इन्डोस्कोपी (Endoscopy)
५. कानको शल्यक्रिया (Operation)
६. फार्मेसी सेवा



सम्पर्क : ०३१-५९०००५
९८०४७४२२८०, ९८४२२७०७२४

**प्रकाशक/सहसम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*